# अनलाईन बाल सुरक्षा कार्यविधि, २०७८ को मस्यौदामा राय/सुझाव उपलब्ध गराउने सम्बन्धी सूचना

यस मन्त्रालयबाट अनलाईन बालसुरक्षा कार्यविधि, २०७८ तयारी गर्ने कार्य भइरहेको छ । सो को मस्यौदा यसै साथ वेवसाइमा संलग्न गरिएको छ । सो सम्बन्धमा राय/सुझाव बुँदागतरुपमा १५ दिन भित्र मन्त्रालयको इमेल ठेगाना child.protection@mowcsc.gov.np मा उपलब्ध गराउनु हुन सम्बन्धित सरोकारवाला सबैमा अनुरोध छ ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

०७८।४।१८

# अनलाईन बालसुरक्षा कार्यविधि, २०७८(मस्यौदा)

**प्रस्तावना**

कम्प्युटर तथा कम्प्युटरमा आधारित नेटवर्कको प्रयोगसँगै अनलाईन माध्यममा बालबालिका माथि बढ्दो दुर्व्यवहारका घटनालाई न्यूनिकरण गर्न सम्बन्धित सबै सरोकारवालाहरु विच समन्वय गरी आपसी सहकार्य तथा सहयोगमा बालबालिकाको लागि सुरक्षित इन्टरनेट विकास गर्न राष्ट्रिय स्तरको कार्यविधि तर्जुमा गरी लागू गर्न वाञ्छनीय भएकोले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) को अधिकार प्रयोग गरी नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अनलाईन बालसुरक्षा कार्यविधि, २०७८ स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः-**

१. यस कार्यविधिको नाम अनलाईन बालसुरक्षा कार्यविधि, २०७८ रहनेछ।

२. यस कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "परिषद" भन्नाले राष्ट्रिय बालअधिकार परिषदलाई जनाउँछ।

(ख) "बालबालिका" भन्नाले बालबालिका सम्बन्धी प्रचलित ऐन बमोजिम बालबालिकाको रुपमा परिभाषित १८ वर्ष मुनिका बालबालिकालाई जनाउँछ।

(ग) "सेवा प्रदायक" भन्नाले इन्टरनेट, नेटवर्क तथा सूचना केन्द्र जस्ता अनलाईन माध्यमको पहुँच उपलब्ध गराउने सेवा प्रदायकलाई जनाउँछ। यसले मोबाइल सेवा प्रदायक, इन्टरनेट सेवा प्रदायक, सार्वजनिक सूचना केन्द्र, शिक्षालयको कम्प्युटर प्रयोगशाला समेत लाई जनाउँदछ।

(घ) "मन्त्रालय" भन्नाले  महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई जनाउँछ।

(छ) "प्राधिकरण" भन्नाले नेपाल दूरसंचार प्राधिकरण जनाउँदछ।

(च) "ऐन" भन्नाले बालबालिका सम्बन्धी, २०७५ जनाउँदछ।

(छ) "समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको अनलाईन बालसुरक्षा समन्वय समिति जनाउँदछ।

(ज) "विज्ञ समिति" भन्नाले यस कार्यविधिको दफा ८ बमोजिम गठन भएको विज्ञ समिति जनाउँदछ।

(झ) "अभिभावक" भन्नाले बालबालिकाको नियमित रेखदेख गर्ने बाबुआमा, हजुरबा हजुरआमा वा परिवारका अन्य बालिग सदस्यलाई जनाउँदछ। यस शब्दले वैकल्पिक स्याहारकर्ता समेतलाई जनाउनेछ।

(ञ) "ज्ञानकेन्द्र" भन्नाले सार्वजनिक रुपमा प्रयोगकर्ताले पहुँच राख्न सक्ने गरी स्थापित सूचना तथा संचार उपकरण वा पाठ्यसामग्री राखिएको सार्वजनिक केन्द्रहरु जनाउँछ।

## परिच्छेद २
## सुरक्षित अनलाइन सेवा व्यवस्थापन गर्ने

**३. विद्यालयमा सुरक्षित अनलाइन सेवा सञ्चालन गर्नेः-**

(१) विद्यालयले बालबालिकाले इन्टरनेट प्रयोग गर्ने उपकरण जडान गर्दा सुरक्षित उपकरण जडान गर्नुपर्नेछ।

(२) बालबालिकाले इन्टरनेट प्रयोग गर्ने उपकरणमा बालबालिकाको अनलाईन गतिविधि अनुगमन गर्ने तथा उनीहरुको पहुँचमा हानीकारक सामग्री (Harmful Content) रोक्ने सफ्टवेयर (फिल्टर) जडान गरी त्यस्ता हानीकारक सामग्रीमा पहुँच सिमित गर्नुपर्नेछ।

(३) बालबालिकाले प्रयोग गर्ने सूचना प्रविधिका सामाग्रीमा तोकिएको शिक्षकको मात्र पहुँच रहने व्यवस्था मिलाउनु पर्नेछ।

(४) विद्यालयले बालबालिकालाई समय समयमा इन्टरनेटको प्रयोग, संभावित जोखिम र सुरक्षित प्रयोगको सम्बन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गर्नु पर्नेछ।

(५) प्रत्येक शैक्षिक संस्थाले विद्यालय भित्र हुने संभावित अनलाईन बाल दुर्व्यवहारजन्य सामग्री तथा घटनाको उजुरीकोलागि उजुरी प्रणाली स्थापना गरी बाल दुर्व्यवहारजन्य सामग्री सम्बन्धी गुनासो गर्ने सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

(६) विद्यालयले बालबालिकाको तश्वीर संकलन गर्दा वा उनीहरुको गतिविधिलाई विद्युतीय माध्यममा अभिलेख गरी राख्दा उनीहरुको गोपनीयता प्रत्याभूत हुने गरी सम्बन्धित बालबालिकाको अभिभावकको सहमतिमा मात्र संकलन तथा अभिलेख राख्न सक्नेछ।

(७) विद्यालयले इन्टरनेट प्रयोग गर्दा बाल-दुर्व्यवहारजन्य सामग्री भेटेमा त्यसको उजुरी गर्न बालबालिकालाई प्रेरित गर्ने तथा उजुरी गर्ने तरिका समेत सिकाउनु विद्यालयको दायित्व हुनेछ।

**४. पुस्तकालय तथा ज्ञान केन्द्रमा सुरक्षित अनलाइन सेवा सञ्चालन गर्नेः-**

(१) पुस्तकालय तथा ज्ञान केन्द्रले बालबालिकाले इन्टरनेट प्रयोग गर्ने उपकरण जडान गर्दा सुरक्षित उपकरण जडान गर्नुपर्नेछ ।

(२) पुस्तकालय तथा ज्ञान केन्द्र संचालकले यस्ता पुस्तकालय वा ज्ञान केन्द्रमा कम्प्युटर प्रयोग गर्ने प्रयोगकर्ताको विस्तृत विवरण लगत व्यवस्थित गरी राख्नुपर्नेछ । यस व्यवस्था बमोजिम संकलन गरेको विवरणको गोपनियताको प्रत्याभूति गर्ने दायित्व पुस्तकालय तथा ज्ञान केन्द्र व्यवस्थापनको हुनेछ ।

(३) पुस्तकालय तथा ज्ञान केन्द्रमा बालबालिकाले इन्टरनेट प्रयोग गर्ने उपकरणमा बालबालिकाको अनलाईन गतिविधि अनुगमन गर्ने तथा उनीहरुको पहुँचमा हानीकारक सामग्री (Harmful Content) रोक्ने सफ्टवेयरको जडान गर्नुपर्नेछ ।

(४) पुस्तकालय तथा ज्ञान केन्द्रले इन्टरनेट प्रयोग गर्दा बाल दुर्व्यवहारजन्य सामग्री भेटेमा त्यसको उजुरी गर्ने सम्पर्क व्यक्ति तोक्नु पर्नेछ ।

**५. इन्टरनेट सेवा प्रदायकले सुरक्षीत सेवा सञ्चालन गर्नेः-**

(१) इन्टरनेट सेवा प्रदायकले बालबालिका र अभिभावकहरुलाई आवश्यक सूचना तथा प्रविधि संयन्त्र उपलब्ध गराई  इन्टरनेटको संभावित खतरा लाई न्यूनिकरण गर्न सहजिकरण गर्नुपर्नेछ ।

(२) इन्टरनेट सेवा प्रदायकले बालबालिका तथा किशोर किशोरी जोखिममा पुर्‍याउने वा दुर्व्यवहारजन्य सामग्री वा लिंक उजुरी गर्ने संरचना विकास गर्नुपर्नेछ । उक्त संरचना विकास गर्दा गंभिर प्रकृतिको घटनाको जानकारी प्रहरी वा कानुन कार्यन्वयन गर्ने निकायलाई गराउने गरी विकास गर्नुपर्नेछ ।

(३) इन्टरनेट सेवा प्रदायकले आफ्नो सेवाको प्रयोगका शर्त तथा बन्देजमा उसको सेवाको प्रयोग गर्दा बालदुर्व्यवहार सामाग्री विरुद्ध प्रष्ट नीति उल्लेख गर्नु पर्दछ । यस्तो नीति आफ्नो वेबसाईटमा समेत सेवाग्राहिले सजिलै देख्ने गरी उल्लेख गर्नुपर्नेछ ।

(४) प्रचलित कानुन विपरित सेवाको दुरुपयोग भएको अवस्थामा कानुन कार्यन्वयन निकायको आदेश बमोजिम प्रचलित कानुन बमोजिम कार्वाहिकोलागि सहयोग गर्ने तथा संवेदनशील सामग्री इन्टरनेटबाट हटाउनुपर्नेछ ।

(५) सेवा प्रदायकले प्रयोगकर्ता, अविभावक वा हेरचाहकर्ताको नियन्त्रण रहने अनलाईन सामग्रीमा पहुँच प्राप्त गर्न सक्ने औजार (टुल्स) यथासंभव उपलब्ध गराउनु इन्टरनेट सेवा प्रदायकको कर्तव्य हुनेछ ।

(६) उमेर संवेदनशील सामाग्रीको प्रसार गर्दा सेवा प्रदायकहरुले यथासंभव स्थानीय संवेदना तथा प्रचलित कानुन बमोजिम प्रसार हुने व्यवस्था मिलाउनु पर्नेछ।

(७) प्रयोगमा रहेका सामाग्री वा सेवाहरुको बारेमा अभिभावकलाई अवगत गराई आफ्ना बालबालिकालाई उचित सामाग्री मात्र पहुँच उपलब्ध गराउने सम्बन्धमा सहयोग गर्नु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

**(८)** प्रयोगकर्तालाई इन्टरनेट सेवाको उचित प्रयोग सम्बन्धी सचेतना सम्बन्धी कार्यक्रम संचालन गर्नु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

**६. वेबसाइट संचालकले बालसुरक्षा सुनिश्चित गर्नुपर्नेः-**

(१) कुनै पनि वेबसाईटमा रहेको सामग्रीको प्राथमिक कानुनी दायित्व उक्त वेबसाईट संचालकमा रहनेछ ।

(२) आफूले संचालन गरेको वेबसाईटबाट प्रकाशन तथा प्रसारण हुने सामग्री बाल दुर्व्यवहार रहित हुने कुराको सुनिश्चितता गर्नु सम्बन्धित वेबसाईट संचालकको दायित्व हुनेछ ।

(३) कुनै पनि वेबसाईट संचालकले आफ्नो वेबसाईट संचालन गर्दा गोपनीयताको नीति अन्तर्गत बालबालिकाको गोपनीयताको प्रत्याभूति, वेबसाईट प्रयोगका शर्तमा बालबालिकाको दायित्व तथा उनीहरुको सहमति लिने प्रक्रिया समेत प्रष्टसँग देखिने गरी प्रकाशित गर्नुपर्नेछ ।

(४) वेबसाईट संचालकले बालबालिकाको तश्वीर संकलन गर्दा वा उनीहरुको गतिविधिलाई विद्युतीय माध्यममा अभिलेख गरी राख्दा उनीहरुको गोपनीयता प्रत्याभूत हुने गरी सम्बन्धित बालबालिकाको अभिभावकको सहमतिमा मात्र संकलन तथा अभिलेख राख्न सक्नेछ ।

(५) कुनै पनि वेबसाईटमा प्रयुक्त सामग्रीको भाषा तथा शब्दावलीहरु, खास गरी प्रयोगका शर्त, गोपनीयताको नीति, सुरक्षित प्रयोगका तरिका तथा उजुरीको प्रणालीको सम्बन्धमा प्रष्ट, पहुँचयोग्य तथा बालबालिका, किशोर किशोरी, अभिभावक तथा हेरचाह गर्ने व्यक्तिहरु समेतको लागि सान्दर्भिक हुनुपर्नेछ ।

(६) कुनै पनि वेबसाईट संचालकले आफ्नो वेबसाईटमा कुनै बाल दुर्व्यवहारजन्य सामग्री भेटेमा त्यसको उजुरी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**७. सुरक्षित सामाजिक संजाल संचालन गर्नुपर्नेः-**

(१) कुनै पनि सामाजिक संजालमा रहेको सामग्रीको प्राथमिक दायित्व उक्त सामाजिक संजालको प्रयोगकर्ताको हुनेछ ।

तर, यस्ता सामाजिक संजाल मार्फत प्रकाशन तथा प्रसारण हुने सामग्री बालदुर्व्यवहार रहित हुने कुराको सुनिश्चितता गर्ने दायित्व सम्बन्धित सामाजिक संजाल संचालकको हुनेछ ।

(२) नेपाल सरकारले सामाजिक संजाल संचालकको लागि प्रचलित कानुनको अधिनमा रहि अनलाईन बालसुरक्षा सम्बन्धमा जारी गरेको आचारसंहिता पालन गर्नु सम्बन्धित सामाजिक संजाल संचालकको हुनेछ ।

(३) कुनै पनि सामाजिक संजालमा प्रयुक्त सामग्रीको भाषा तथा शब्दावलीहरु, खास गरी प्रयोगका शर्त, गोपनीयताको नीति, सुरक्षित प्रयोगका तरिका तथा उजुरीको प्रणालीको सम्बन्धमा प्रष्ट, पहुँचयोग्य तथा बालबालिका, किशोर किशोरी, अभिभावक तथा हेरचाह गर्ने व्यक्तिहरु समेतको लागि   सान्दर्भिक हुनुपर्नेछ ।

(४) सामाजिक संजाल संचालकले सम्बन्धित सामाजिक संजालको अनलाईन बालसुरक्षा सम्बन्धी नीति तर्जुमा गरी कार्यन्वयन गर्नुपर्नेछ । यसरी नीति तर्जुमा गर्दा सामाजिक सञ्जाल तथा अनलाइन मिडियामा बालबालिकाको दुरुपयोग, लाञ्छना र दुर्व्यवहार रोक्ने गरी नीति तय गर्नु पर्नेछ ।

(५) आफ्नो संजालमा आकस्मिक रुपमा आउन सक्ने बाल दुर्व्यवहारजन्य सामग्री पहिचान गर्ने, निषेध गर्ने तथा संजालबाट हटाउने प्रविधि वा संयन्त्र विकास गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(६) कुनै पनि सामाजिक संजाल संचालकले आफ्नो गोपनियताको नीति तथा  प्रयोगको   शर्तको अधिनमा रहि इन्टरनेट फिल्टर सफ्टवेयर जडान गरी अनलाईन बालसुरक्षा प्रत्याभूत गर्न सक्नेछन् ।

(७) उपदफा (६) अनुसार कुनै पनिसामाजिक संजाल संचालकले आफ्नो गोपनियताको नीति तथा प्रयोगको शर्तको अधिनमा रहि इन्टरनेट फिल्टर सफ्टवेयर जडान गर्दा बालिग प्रयोगकर्ताको गोपनीयता तथा प्रचलित कानुन बमोजिमको अधिकार नियन्त्रण गर्न सक्ने छैनन् ।

(८) सामाजिक संजाल संचालकले आफ्नो मन्च (प्लेटफर्म) बालबालिकाको तश्वीर संकलन गर्दा वा उनीहरुको गतिविधिलाई विद्युतीय माध्यममा अभिलेख गरी राख्दा उनीहरुको गोपनीयता प्रत्याभूत हुने गरी सम्बन्धित बालबालिकाको अभिभावकको सहमतिमा मात्र संकलन तथा अभिलेख राख्न सक्नेछ ।

(९) कुनै पनि सामाजिक संजाल संचालकले अनलाईन बालसुरक्षाको संभावित जोखिमलाई सम्बोधन गर्न सम्पर्क व्यक्ति तोकी उजुरी संयन्त्र कार्यन्वयनमा ल्याउनु पर्नेछ ।

(१०) सामाजिक संजाल संचालकले तोकेको सम्पर्क व्यक्ति वा संयन्त्रको जानकारी प्रयोगकर्ताले सहजरुपमा जानकारी लिन सक्ने गरी व्यवस्था गरेको हुनु पर्नेछ ।

## ८. साइबर क्याफेमा सुरक्षित इन्टरनेट सेवा सञ्चालन गर्नेः-

(१) अनलाईन बालसुरक्षा सुनिश्चित गर्न साइबर क्याफे वा यस्तै सेवा प्रदान गर्ने सेवा केन्द्रले बालबालिकाले इन्टरनेट प्रयोग गर्ने उपकरण जडान गर्दा सुरक्षित उपकरण जडान गर्नुपर्नेछ ।

(२) साइबर क्याफेले आफ्नो सेवा संचालन गर्दा प्रयोगकर्ताको व्यक्तिगत पहिचान खुल्ने परिचय पत्र सहितको लगत व्यवस्थित गर्नुपर्नेछ । यस दफा बमोजिम संकलन गरेको यस्तो विस्तृत विवरणको गोपनियताको प्रत्याभूति गर्ने दायित्व साइबर क्याफेको नै हुनेछ ।

(३) बालबालिकाले इन्टरनेट प्रयोग गर्ने उपकरणमा बालबालिकाको अनलाईन गतिविधि अनुगमन गर्ने तथा उनीहरुको पहुँचमा हानीकारक सामग्री (Harmful Content) रोक्ने सफ्टवेयरको जडान गरी त्यस्ता हानीकारक सामग्रीमा पहुँच सिमित गर्नुपर्नेछ । तर, यस्तो सफ्टवेयरले बालिगको पहुँच रोक्न सक्ने छैन ।

(४) साइबर क्याफेले बालबालिकाको विवरण अभिलेख राख्दा उनीहरुको गोपनीयता प्रत्याभूत हुने गरी सम्बन्धित बालबालिकाको अभिभावकको सहमतिमा मात्र संकलन/अभिलेख राख्न सक्नेछ ।

(५) साइबर क्याफेमा १४ वर्ष भन्दा मुनीका बालबालिकालाई अभिभावकको सुपरिवेक्षण विना कम्प्युटर उपकरणमा पहुँच नदिने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) कम्प्युटर प्रयोग गर्नको लागि क्याबिन राखी संचालन गरिएको साइबर क्याफेमा अभिभावकको रेखदेखमा मात्रै बालबालिकालाई इन्टरनेट प्रयोगको अनुमति दिनुपर्नेछ ।

(७) साइबर क्याफेमा बालबालिकाले इन्टरनेट प्रयोग गर्दा गर्दै बाल-दुर्व्यवहारजन्य सामग्री भेटेमा त्यस्तो सामग्री हटाउन सम्पर्क व्यक्ति उपलब्ध हुने गरी क्याफे संचालन गर्नुपर्नेछ ।

## ९. अभिभावक तथा परिवारले बालसुरक्षा सुनिश्चित गर्नुपर्नेः-

**१.**आफ्ना बालबालिकाले प्रयोग गर्ने उपकरणको सुरक्षाको प्राथमिक दायित्व सम्बन्धित अभिभावकको हुनेछ । कुनै पनि उपकरण आफ्नो बालबालिकालाई प्रयोग गर्न उपलब्ध गराउनु अघि उक्त उपकरण प्रयोग गर्ने तरिकाको सम्बन्धमा आफ्ना बालबालिकालाई अभिमुखीकरण गर्नु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ ।

२. कुनै पनि उपकरण आफ्नो बालबालिकालाई प्रयोग गर्न उपलब्ध गराउनु अघि उक्त उपकरण जोडिने नेटवर्कको सुरक्षा सुनिश्चित गर्ने, फायरवाल राख्ने तथा त्यसको आवधिक रुपमा अद्यावधिक गरी सुरक्षा सम्बन्धी विषयको सुनिश्चितता गर्नु पर्नेछ। आफ्ना बालबालिकाले प्रयोग गर्ने नेटवर्क सुरक्षाको प्रत्याभूत भएपछि मात्र बालबालिकालाई सूचना प्रविधिका उपकरण प्रयोग गर्न दिनुपर्नेछ।

३. आफ्ना बालबालिकाको इन्टरनेटमा हुने गतिविधि सम्बन्धमा जानकारी राख्न अभिभावक नियन्त्रण (Parenting Control) सम्बन्धी सफ्टवेयरको प्रयोग गर्नु अभिभावकको कर्तव्य हुनेछ।

४. आफ्ना बालबालिकाको इन्टरनेट प्रयोग सम्बन्धमा अनुशासन तय गरी गोपनियता, बालबालिकाकोलागि उपयुक्त वेबसाईट पहिचान गर्ने तरिका तथा हानीकारक विषयवस्तु (Harmful Content) मा पहुँच पुग्न गएमा वा कसैले आफू लक्षित त्यस्ता सामग्री संप्रेषण गरेमा त्यस सम्बन्धमा कहाँ कसरी उजुरी गर्ने सम्बन्धी विषयमा आफ्ना बालबालिकालाई जानकारी गराउनु पर्नेछ।

५.आफ्ना बालबालिकाले इन्टरनेटमा हेर्ने सामग्री, त्यस्ता सामग्रीको संभावित जोखिमको सम्बन्धमा समय समयमा जानकारी राख्नु पर्नेछ।

६.आफ्ना बालबालिकाले इन्टरनेटमा हेर्ने वेबसाईटहरुको गोपनीयता तथा प्रयोगका शर्तहरुको बारेमा जानकार रहि आफ्ना बालबालिकालाई समेत त्यस्ता नीति तथा शर्तको बारेमा जानकारी लिन र सोहि अनुसार मात्र त्यस्ता वेबसाईटहरु प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

७. आफ्ना बालबालिकाले इन्टरनेट प्रयोग गर्दा आकश्मिक रुपमा आउन सक्ने तेस्रो पक्षको लिंक वा जोखिमयुक्त विज्ञापन र त्यसको संभावित जोखिमको बारेमा आफ्ना बालबालिकालाई सावधान हुने व्यवस्था मिलाउनुपर्नेछ।

८. आफ्ना बालबालिकाले इन्टरनेट प्रयोग गर्दा भेट हुन सक्ने कुनै अपरिचित व्यक्तिसँग गर्नुपर्ने व्यवहारको सम्बन्धमा आफ्ना बालबालिकालाई अभिमुखीकरण गराउनु सम्बन्धित अभिभावकको कर्तव्य हुनेछ।

**१०. बालबालिकाले गर्ने अनलाइन कारोबार सिमित गर्नुपर्नेः-**

१. कुनै पनि अभिभावकले आफ्ना बालबालिकाले इन्टरनेट प्रयोग गर्ने उपकरणमा आफ्ना वित्तिय विवरण उपलब्ध गराउने, वालेट, कार्ड तथा अन्य भुक्तानीका साधनहरु प्रयोग गर्नु हुँदैन।

२. कुनै पनि सेवा प्रदायकले आफ्नो सेवा प्रदान गर्दा १३ वर्ष मुनिका बालबालिकाको व्यक्तिगत विवरण संकलन गर्न पाईने छैन । १३ देखि १८ वर्ष सम्मका बालबालिकाको हकमा कुनै पनि व्यक्तिगत विवरण संकलन गर्दा अनिवार्य रुपमा अभिभावकको सहमति लिने व्यवस्था मिलाउनु पर्नेछ ।
३. कुनै पनि भुक्तानी सेवा प्रदायकले कुनै पनि सेवाग्राहिको भुक्तानी सुनिश्चित गर्दा प्रयोगकर्ता बालिग रहेको पुष्टि गरेपछि मात्र भुक्तानी हुने प्रणाली अनिवार्य रुपमा स्थापित गर्नुपर्छ ।

## परिच्छेद ३
## अनलाईन सुरक्षाका लागि उजुरी तथा सहायता

**११. उजुरी प्रणालीको व्यवस्था गर्नेः-**

(१) अनलाईमा विद्यमान बाल दुर्व्यवहारजन्य सामग्रीको जोखिमबाट बालबालिकालाई जोगाउन हाल संचालनमा रहेका बाल हेल्पलाईन, नेपाल प्रहरीको बालबालिका खोजतलास सेवा तथा नेपाल प्रहरी, साइबर व्यूरोको हेल्पलाईन समेतको समन्वय रहने गरी राष्ट्रिय बाल अधिकार परिषदले आफैं वा सरोकारवालासँग सहकार्य गरी एक बहुपक्षीय अनलाईन बालसुरक्षा प्रणाली (Online Child Protection System) संचालनमा ल्याउनेछ ।

(२) यस दफा बमोजिम संचालनमा आएको बालसुरक्षा प्रणाली मार्फत जानकारीमा आएका बाल दुर्व्यवहारजन्य सामग्रीको छानविन तथा त्यसको निषेधमा सघाउनु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ ।

**१२. पिडित तथा प्रभावित बालबालिकालाई सहायता प्रदान गर्नेः-**

(१) अनलाईन दुर्व्यवहारमा परेका जानकारी प्राप्त भएमा राष्ट्रिय बालअधिकार परिषदले आफै वा सरोकारवाला सेवा प्रदायक मार्फत तत्काल उद्धारकोलागि आवश्यक कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम उद्धार गरिएको बालबालिकालाई सरोकारवालासँग समन्वय गरी आवश्यकता अनुसार व्यवस्थापन गर्नेछ ।

**१३. हानिकारक सामाग्री हटाउनेः-**

(१) समन्वय समितिले हानीकारक अनलाईन सामग्रीको रुपमा पहिचान गरेको सामग्री सेवा प्रदायकको अनलाईन माध्यमबाट हटाउन सम्बन्धित नियामक निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) समन्वय समितिको सिफारिसमा सम्बन्धित नियामक निकायले जारी गरेको आदेश पालना गर्नु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद ४

## अनलाईन बालसुरक्षा समन्वय समिति

**१४. अनलाईन बालसुरक्षा समन्वय समितिः- (१)** यस अनलाईन बालसुरक्षा कार्यविधि कार्यन्वयको लागि देहाय बमोजिमको एक अनलाईन बालसुरक्षा समन्वय समिति गठन गरिनेछ ।

(क) संयोजक, सचिव, बालबालिका, महिला तथा ज्येष्ठ नागरिक मन्त्रालय
(ख) सदस्य, महाशाखा प्रमुख, बालबालिका महाशाखा, बालबालिका, महिला तथा ज्येष्ठ नागरिक मन्त्रालय
(ग) सदस्य, कार्यकारी निर्देशक, राष्ट्रीय बालअधिकार परिषद्
(घ) सदस्य, प्रतिनिधि, नेपाल सरकार, गृह मन्त्रालय,
(ङ) सदस्य, प्रतिनिधि, नेपाल सरकार, सूचना तथा संचार प्रविधि मन्त्रालय,
(च) सदस्य, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यलय
(छ) सदस्य, प्रतिनिधि, नेपाल दूरसंचार प्राधिकरण
(ज) सदस्य, प्रतिनिधि, नेपाल प्रहरी, साइबर ब्यूरो
(झ) सदस्य, प्रतिनिधि, टेलिकम सेवा प्रदायकहरुको तर्फबाट नियुक्त १ जना
(ञ) सदस्य, इन्टरनेट सेवा प्रदायकहरुको तर्फबाट नियुक्त १ जना
(ट) सदस्य, साइबर सुरक्षाको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको तर्फबाट कम्तीमा १ महिला सहित नियुक्त ३ जना
(ट) सदस्य, बालअधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको तर्फबाट कम्तीमा १ महिला सहित नियुक्त ३ जना
(ठ) सदस्य-सचिव, प्रमुख, बालसंरक्षण तथा विकास शाखा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(३) राष्ट्रिय बालअधिकार परिषदले उपदफा (१) बमोजिम स्थापित हुने समन्वय समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

(४) उपदफा (१) बमोजिम स्थापित हुने सहायता केन्द्रको आर्थिक तथा प्रशासनिक व्यवस्था नेपाल सरकारले गर्नेछ ।

(५) समन्वय समितिको संचालन कार्यविधि समितिले तय गर्नेछ ।

**१५. समन्वय समितिको काम, कर्तव्य र अधिकारः-**

(१) अनलाईन बालसुरक्षा सम्बन्धी राष्ट्रिय नीति, रणनीति तथा कार्यक्रम तर्जुमा गरी सरोकारवालासँगको समन्वयमा कार्यन्वयन गर्ने गराउने,

(२) अनलाईन बालसुरक्षाकोलागि प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्ने,

(३) समितिको काम कारवाहिकोलागि आवश्यक बजेट तर्जुमा गरी खर्च व्यवस्थापन गर्ने,

(४) अनलाईन बालसुरक्षाको अवस्थाको सम्बन्धमा अनुगमन, निरिक्षण र मुल्याँकन गर्ने गराउने,

(५) अनलाईन बालसुरक्षाको सम्बन्धमा विभिन्न स्तरमा जनचेतना अभिवृद्धिकोलागि विभिन्न किसिमको प्रवर्द्धनात्मक सामग्रीको उत्पादन, वितरण तथा अभियान संचालन गर्ने, गराउने,

(६) अनलाईन बालसुरक्षाकोलागि राष्ट्रिय शिक्षा प्रणालीको अधिनमा रहि पाठ्यसामग्री विकास गर्ने तथा कार्यान्वयनकोलागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(७) यस कार्यविधि अन्तर्गत जारी गरिएको व्यवस्था, मापदण्ड तथा आदेशको कार्यन्वयनको अनुगमन गर्ने, गराउने ।

(८) यस कार्यविधि अन्तर्गतका काम-कारवाहिको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने,

(९) यस कार्यविधि कार्यन्वयनकोलागि आवश्यक कार्य गर्ने,

१६. **समन्वय समितिको बैठकः-** (१) समन्वय समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक संयोजकले तोकेको मिति, समय तथा स्थानमा बस्नेछ ।

(२) समितिले आवश्यकता अनुसार सरोकारवाला प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

१७. **सदस्य-सचिवको काम र कर्तव्यः-** (१) सदस्य-सचिवको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) समितिका सदस्यहरले समितिको आगामी बैठकमा छलफल गर्नुपर्ने भनी आवश्यक ठानेका विषयहरु (एजेण्डा) संकलन गरी संयोजक समक्ष पेश गर्ने,

(ख) अध्यक्षले तोके बमोजिमको बैठकको कार्यसूचि सहित समन्वय समितिका सदस्यलाई बैठकको सूचना गर्ने,

(ग) अध्यक्षले तोके बमोजिमको बैठकको विषयहरु (एजेण्डा) बैठकमा पेश गर्ने,

(घ) बैठकको निर्णय निर्णय पुस्तिकामा उतार गरी प्रमाणित गरी आफ्नो जिम्मामा सुरक्षित राख्ने,

(ङ) कार्यकारी प्रमुखको रुपमा समितिको निर्णय कार्यन्वयन गर्ने गराउने,

(२) समन्वय समितिको सदस्य सचिवले समितिको काम कारवाहीमा आफू अधिनस्थ कुनै अधिकृतको सहयोग लिन सक्नेछ,

**१८. स्वतन्त्र विज्ञ समितिको गठन गर्न सक्नेः-**

(१) अनलाईन बालसुरक्षा सम्बन्धमा खास कुनै कार्य गर्न आवश्यक देखिएमा मन्त्रालयले कार्यक्षेत्र र सीमा तोकि विज्ञहरुको समिति गठन गर्न सक्नेछ ।

(२) विज्ञ समितिको काम कर्तव्य र अधिकार मन्त्रालयको गठन आदेश अनुसार हुनेछ ।